नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७७/७८
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ११५०

मिति : २०७७।०८।१८

**विषय: नवीकरण छुट भएका व्यक्तिको सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।**

श्री महानगरपालिका सबै,
श्री उपमहानगरपालिका सबै,
श्री नगरपालिका सबै,
श्री गाउँपालिका सबै ।

मिथिला नगरपालिका
ढल्केबर, धनुषा
दर्ता नं. १६०८
मिति २०७७।०८।२२

उपरोक्त विषयमा सामाजिक सुरक्षा नियमावलीमा भएको पछिल्लो संशोधनले सामाजिक सुरक्षा परिचयपत्र प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रमा नवीकरण गर्नुपर्ने व्यवस्था गरेको जानकारी नै छ । विभिन्न स्थानीय तहहरुबाट कार्तिक मसान्तभित्र नवीकरण गर्न छुट भएका लाभग्राहीहरुको परिचयपत्र नविकरण गरी प्रथम चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्न मिल्ने नमिल्ने सम्बन्धमा राय माग गरेको अवस्था छ । सो सम्बन्धमा नियमावलीको नियम १३(६) अनुसार कुनै व्यक्तिले परिचय पत्र नवीकरण नगराएमा स्थानीय तहले त्यस्तो व्यक्तिको नाम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको अभिलेखबाट हटाउनु पर्ने र नियम १३(७) अनुसार नाम हटाइएको व्यक्तिले पुनः सामाजिक सुरक्षा भत्ता पाउनको लागि यस नियमावली वमोजिम अभिलेखमा पुनः नाम समावेस गराउनु पर्ने व्यवस्था भएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(कुल शेखर अर्याल)
शाखा अधिकृत

श्री सा.सु. शाखा,
श्री MIS शाखा,
श्री वडा का. सबै,
श्री IT शाखा
web upload गर्नुहुन।
२०७७।८।२२